सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक २७ ♦ २०८३ साल कार्तिक १९ विहिवार ♦ 5 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेशमा सत्ता समीकरणको खेल, कांग्रेस-एमाले संवादमा, मुख्यमन्त्री यादवलाई विश्वासको मत लिन १० दिन बाँकी

खबर दर्पण समाचारदाता

कार्तिक १८ गते, बर्दिवास



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिनुपर्ने समयसीमा अब १० दिन मात्र बाँकी रहँदा प्रदेश सरकारको भविष्यबारे राजनीतिक दलहरूबीच छलफल तीव्र बनेको छ। नेपाली कांग्रेसको नेतृत्वमा रहेको वर्तमान सरकार अल्पमतमा रहे पनि मुख्यमन्त्री यादव भने आफ्नै नेतृत्वको सरकारलाई निरन्तरता दिने प्रयासमा जुट्नुभएको छ।

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव नेतृत्वको सरकार अल्पमतमा परेको हो। गत असोज ३० गते एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएको थियो। संवैधानिक व्यवस्थाअनुसार समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने बाध्यता मुख्यमन्त्री यादवलाई छ। यसबीच नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले भने वर्तमान सरकारलाई साथ दिँदै आएको छ।

मधेश सरकारको नेतृत्व र सत्ता समीकरणबारे विभिन्न दलका केन्द्रीय नेतृत्वबीच छलफल भइरहेको छ। विशेषगरी जनता समाजवादी पार्टी (जसपा) नेपाल आफ्नै नेतृत्वमा सरकार गठन गर्ने प्रयासमा छ। एमालेले समर्थन फिर्ता लिएकै दिन एमाले अध्यक्ष केपी शर्मा ओली र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच भएको भेटवार्तामा नयाँ सरकार गठनबारे छलफल भएको थियो। त्यतिबेला एमाले जसपा नेपालको नेतृत्वमा सरकार बनाउन सकारात्मक देखिएको थियो।

तर, जनमत पार्टीले जसपा नेपालको नेतृत्वमा सरकार बने पनि कांग्रेस र एमाले बाहेकको गठबन्धन चाहेको राजनीतिक वृत्तमा चर्चा छ। यस्तो समीकरण बनेमा एमाले प्रतिपक्षमा पुग्ने अवस्था आउन सक्ने भएकाले एमाले पुनः वर्तमान सरकारमै फर्किने सम्भावनासहित संवादमा जुटेको बताइएको छ।

एमालेले यसअघि सरकारमा सहभागी हुँदा तीनदलीय सत्ता गठबन्धनबीच भएको १५ बुँदे सहमति कार्यान्वयन हुनुपर्ने र केही महिनापछि सरकारको नेतृत्व आफूले पाउनुपर्ने सर्तसहित कांग्रेससँग संवाद गरिरहेको छ। तर, अहिलेसम्म सहमति जुट्न नसकेको एमालेका एक प्रदेशसभा सदस्यले बताए।

'राजनीतिमा असम्भव भन्ने कुरा हुँदैन। यहाँ न कोही कसैको शत्रु हुन्छ, न मित्र। त्यसैले असम्भव केही छैन,' ती सांसदले भने, 'विगतमा भएको १५ बुँदे सहमति अक्षरशः कार्यान्वयन नभएकै कारण हामी सरकार बाट बाहिरिएका हौं। सहमति कार्यान्वयन र आलोपालो नेतृत्वको सुनिश्चितता भए एमाले सरकारमा सहभागी हुन सक्छ। शीर्ष तहमा छलफल भइरहेको छ।'

यसैबीच कांग्रेस, एमाले र नेकपाबीच पनि केन्द्रीय तहमा छलफल भइरहेको छ। मंगलबार साँझ कांग्रेस सभापति गगन थापा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न गुण्डु पुग्नुभएको थियो। भेटमा समसामयिक र ाजनीतिक विषयसँगै मधेश प्रदेश सरकारको समीकरणबारे पनि छलफल भएको बताइएको छ। कांग्रेस, एमाले र नेकपाबीच प्याकेजमै सहमति गरेर वर्तमान सरकारलाई निरन्तरता दिने प्रयास भइरहेको स्रोतको भनाइ छ। यही विषयमा छलफल गर्न मधेश प्रदेशका नेताहरू पनि काठमाडौं केन्द्रित भएका छन्। मुख्यमन्त्री कृष्णप्रसाद यादवसमेत बुधबार काठमाडौं पुग्नुभएको छ।

मुख्यमन्त्री यादवले केन्द्रीय नेतृत्व तहमा छलफल सकारात्मक रूपमा अघि बढिरहेको र आफ्नै नेतृत्वको सरकारले निरन्तरता पाउने सम्भावना रहेको दाबी गर्नुभयो। 'म पनि अहिले काठमाडौं आएको छु। केन्द्रीय नेतृत्व तहमा कुराकानी भइरहेको छ। अहिलेसम्मको कुराकानी सकारात्मक छ,' उहाँले भन्नुभयो।

नेकपाले पनि मधेश सरकारबार आफ्नो धारणा तय गर्न पार्टीको शीर्ष तहमा छलफल गरिरहेको छ।

एमालेले मधेशमा आफ्नै नेतृत्वमा सरकार गठन गर्न चाहेको भए पनि अन्य दलहरू त्यसका लागि तयार नभएको स्रोतको दाबी छ। उता, जसपा नेपालभित्र पनि मुख्यमन्त्री बन्ने आकांक्षीको संख्या धेरै देखिएको

बाँकी पृष्ठ ३ मा

साउदी ड्रोन आक्रमणमा ज्यान गुमाएका महोत्तरीका भरतको परिवारलाई १ लाख ८१ हजार रियाल क्षतिपूर्ति दिन कम्पनी सहमत

खबर दर्पण समाचारदाता

कार्तिक १८ गते, बर्दिवास

साउदी अरबमा ड्रोन आक्रमणमा परी ज्यान गुमाएका महोत्तरीका भरत महतोको परिवारलाई उनी कार्यरत कम्पनीले उपदानसहित १ लाख ८१ हजार साउदी रियाल क्षतिपूर्ति दिने भएको छ। उनी १४ वर्षदेखि त्यस कम्पनीमा कार्यरत थिए।

रियादस्थित नेपाली दूतावासको पहलमा कम्पनीले पीडित परिवारलाई रकम दिन सहमति जनाएको हो। 'कम्पनीले उपदानबापत ३१ हजार र क्षतिपूर्तिबापत एक लाख ५० हजार गरी एक लाख ८१ हजार रियाल दिने सहमति छ,' साउदीका लागि नेपाली श्रम काउन्सेलर कविराज उप्रेतीले भने, 'यो रकम आवश्यक प्रशासनिक प्रक्रिया पूरा गरेर परिवारलाई पठाइनेछ।'

श्रम स्वीकृतिको म्याद सकिएकोले नेपालबाट पाउने क्षतिपूर्ति नपाउने जानकारी कम्पनीलाई गराइएको थियो। 'उनको एक वर्षअघि नै श्रम स्वीकृतिको म्याद समाप्त भइसकेको रहेछ। जसले गर्दा उनका परिवार वैदेशिक रोजगार बोर्ड र बिमाबाट पाउने आर्थिक सहायता पाउनबाट वञ्चित हुने भए। यसबारे हामीले कम्पनीलाई जानकारी गराएका थियौं,' उप्रेतीले भने, 'परिवार लाई पर्न सक्ने आर्थिक संकटलाई ध्यान दिई कम्पनीले आफ्नो तर्फबाट क्षतिपूर्ति दिन तयार भयो।'

वैदेशिक रोजगारीमा जाने क्रममा श्रम स्वीकृति लिएका श्रमिकको विदेशमा मृत्यु भएमा वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषबाट १० लाख रुपैयाँ र वैदेशिक रोजगार म्यादी बिमाबाट १५ लाख रुपैयाँसम्म पाउने व्यवस्था छ।



महोत्तरीको पिपरा गाउँपालिका-१, ढेकाहाका ४५ वर्षीय भरत अब्दुल अहाब मन्सुर अल मौलेम सोन्स कम्पनीमार्फत साउदी अरामकोको तेल परियोजनामा सरसफाइको काम गर्थे।

बाँकी पृष्ठ ३ मा

जलवायु उत्थानशील कृषि अभ्यास प्रवर्द्धनमा जोडजलवायु उत्थानशील कृषि अभ्यास प्रवर्द्धनमा जोड



खबर दर्पण समाचारदाता

कार्तिक १८ गते, बर्दिवास

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखिएका चुनौती न्यूनीकरण गर्दै किसानलाई जलवायुमैत्री तथा उत्थानशील कृषि अभ्यास अपनाउन प्रोत्साहित गर्ने उद्देश्यले जनकपुर धाममा प्रदेशस्तरीय सिकाइ आदानप्रदान कार्यशाला आयोजना गरिएको छ।

'जलवायु मैत्री गाउँ मधेश प्रदेश नेपाल परियोजना' अन्तर्गत कृषक पाठशालाको सबलीकरण तथा जलवायु उत्थानशील कृषि अभ्यासको प्रवर्द्धन र अवलम्बनसम्बन्धी कार्यशाला बुधबार जनकपुरधामास्थित होटल वेलकममा आयोजना गरिएको हो।

कार्यशालामा मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव डा. सञ्जयकुमार यादव प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), कृषि ज्ञान केन्द्र, स्थानीय तहका कृषि शाखाका प्रतिनिधि, किसान समूह तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यशालामा कृषक पाठशालाको प्रभावकारिता र संस्थागत सबलीकरण, जलवायु उत्थानशील कृषि अभ्यासको प्रवर्द्धन तथा किसानले अवलम्बन गरेका असल कृषि अभ्यास बारे छलफल गरिएको थियो। सहभागीहरूले आ-आफ्ना अनुभव, सिकाइ र अभ्यास आदानप्रदान गर्दै कृषि क्षेत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायबारे विचार प्रस्तुत गरेका थिए।

त्यसैगरी प्रदेशको कृषि ऐन तथा जलवायु परिवर्तनसम्बन्धी व्यवस्था, कृषक पाठशाला सञ्चालन कार्यविधि र जलवायु उत्थानशील कृषि अभ्यासका विषयमा प्रस्तुतीकरण गरिएको थियो। किसानका अनुभव, कृषि विकास शाखाबाट प्राप्त सिकाइ तथा सरोकारवालाका सुझावलाई समेत छलफलमा समेटिएको थियो।

कार्यशालामा कृषक पाठशालाको आगामी कार्ययोजना निर्माण, प्राविधिक निकायसँगको समन्वय र जलवायुमैत्री कृषि अभ्यासलाई समुदायस्तरसम्म विस्तार गर्ने विषयलाई प्राथमिकता दिइएको थियो। साथै, कृषि उत्पादन र किसानको जीविकोपार्जनमा जलवायु परिवर्तनले पार्ने असर कम गर्न स्थानीयस्तरमै अनुकूलनका अभ्यासलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको थियो।

कार्यक्रममा केयर (ऋब्च्), राष्ट्रिय कृषक समूह महासंघ नेपाललगायत विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी थिए। सहभागीहरूले जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा उत्पन्न चुनौतीको सामना गर्न किसान, सरकारी निकाय, अनुसन्धान संस्था तथा विकास साझेदार बीच प्रभावकारी सहकार्य र समन्वय आवश्यक रहेको बताएका थिए।

जलवायु परिवर्तनका कारण कृषि उत्पादन, खेती प्रणाली र किसानको जीविकोपार्जनमा चुनौती थपिँदै गएको अवस्थामा यस्ता सिकाइ आदानप्रदान कार्यक्रमले किसानको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नुका साथै दिगो तथा जलवायु उत्थानशील कृषि प्रणाली विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जसपा-लोसपा समायोजनपछि महोत्तरी जिल्ला अध्यक्षमा यादव मनोनीत



खबर दर्पण समाचारदाता

कार्तिक १८ गते, बर्दिवास

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच भएको पार्टी समायोजनपछि महोत्तरी जिल्ला अध्यक्षमा रामनरेश यादव मनोनीत हुनुभएको छ।

पार्टी समायोजनपछि जिल्लाको नेतृत्वको जिम्मेवारी पाउनुभएका यादवलाई विभिन्न नेता तथा कार्यकर्ताले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्।

नयाँ जिम्मेवारीसँगै यादवको नेतृत्वमा जिल्लामा पार्टी संगठन विस्तार तथा सुदृढीकरण, नेता-कार्यकर्ताबीच आपसी एकता र सहकार्य अभिवृद्धि हुनुका साथै पार्टीका गतिविधिले थप गति लिने अपेक्षा गरिएको छ।

नवनियुक्त जिल्ला अध्यक्ष यादवले पार्टीको नीति, सिद्धान्त र उद्देश्यअनुसार संगठनलाई एकताबद्ध बनाउँदै जिल्लामा पार्टीको गतिविधि प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा नेता तथा कार्यकर्ताले गरेका छन्।

उहाँलाई सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ।

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

मधेशमा सत्ता.....

छ। पूर्वमुख्यमन्त्री तथा संसदीय दलका नेता सरोजकुमार यादव, पूर्वमुख्यमन्त्री जितेन्द्र सोनल र पूर्वमुख्यमन्त्री लालबाबु राउत मुख्यमन्त्री बन्ने दौडमा रहेको जसपाका एक सांसदले बताए। 'जसपाभित्र पनि नेतृत्वका विषयमा आ-आफ्नै दाउ छ। जसपाले सरकारको नेतृत्व गर्छ, नभए अर्को दलको नेतृत्वमा बन्ने सरकारमा सहभागी हुँदैन,' ती सांसदले भने।

पछिल्लो राजनीतिक घटनाक्रमले एमाले पुनः वर्तमान सरकारमा सहभागी हुन सक्ने सम्भावना बढाएको छ। त्यसो भए कांग्रेस, एमाले र नेकपाको सहकार्यमा वर्तमान सरकारले नै निरन्तरता पाउन सक्छ। यस्तो अवस्थामा जसपा नेपाल र जनमत पार्टी प्रतिपक्षमा रहने सम्भावना पनि देखिएको छ।

प्रदेशसभामा यस्तो छ दलगत अवस्था

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकारलाई विश्वासको मत प्राप्त गर्न सामान्यतः ५४ सांसदको समर्थन आवश्यक हुन्छ। तर, हाल प्रदेशसभामा १०३ जना सांसद कायम रहेकाले कायम सदस्य संख्याका आधारमा विश्वासको मतका लागि ५२ सांसदको समर्थन आवश्यक पर्छ।

प्रदेशसभामा जसपा नेपालका २७, नेकपा एमालेका २३, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी ककक(राप्रपा)का एक-एक सांसद छन्।

साउदी ड्रोन आक्रमणमा ज्यान गुमाएका .....

गत कात्तिक ४ मा साउदी अरबको पूर्वी प्रान्तस्थित शैबाह तेल क्षेत्रमा भएको ड्रोन आक्रमणमा उनको मृत्यु भएको थियो । यमनका हुथी विद्रोहीले उक्त परियोजनालाई लक्षित गरी गरेको आक्रमणमा भरतसहित फिलिपिनो श्रमिकको पनि मृत्यु भएको थियो ।

दूतावासले भरतको शव नेपाल पठाउन आवश्यक सबै प्रक्रिया पनि पूरा गरिसकेको छ । तर, उडान अवरुद्ध भएकाले शव आउने दिन निश्चित भइसकेको छैन ।

भरतको कमाइ नै परिवार धान्ने मुख्य आधार थियो । उनले १४ वर्षदेखि विदेशमा पसिना बगाएर केही समयअघि घरनजिकै एक कट्ठा घडेरी किनेका थिए । त्यही जग्गामा चारकोठे पक्की घर बनाउँदै थिए । घर निर्माण पूरा भएपछि परिवारसँगै नयाँ घरमा बस्ने उनको सपना थियो । तर, घर नसकिँदै भरतको जीवन सकियो ।

'हाम्रो त आशाको दियो नै निभ्यो । अब कसरी छोरा छोरीको लालनपालन गर्ने ? भगवान् पनि कति निर्दयी भएको होला । छँदाखाँदाको सुख सबै उजाडियो,' शोकमा डुबेकी पत्नी इन्द्रिकाले भनिन् ।

घर बनाउन उनले निजी बैंकबाट ११ लाख रुपैयाँ ऋण लिएकी थिइन् । त्यसको मासिक २० हजार रुपैयाँ किस्ता भरतले विदेशबाट पठाउने रकमबाट तिर्ने गरिएको थियो । पतिको मृत्युपछि चार छोराछोरीको पालनपोषणसँगै बैंकको ऋण कसरी तिर्ने भन्ने चिन्ताले उनलाई थप पिरोलेको छ । 'श्रीमान् विदेशमा रगतपसिना बगाएर परिवारको भविष्य बनाउँदै हुनुहुन्थ्यो । हामी नयाँ घरमा सरेर खुसीको जीवन बिताउने सपना देख्दै थियौं,' उनले भनिन्, 'अब बैंकको ऋण कसरी तिर्ने ?'

घटना भएको केही घण्टापछि त्यहाँका सुपरभाइजरले फोन गरेर भरत आक्रमणमा परेको र घाइते अवस्थामा अस्पताल भर्ना गरिएको जानकारी दिएका थिए । तर, सोही साँझ इन्द्रिकाले पतिको मृत्युको खबर पाइन् । 'घटनाको अघिल्लो रात मात्रै उहाँले घरमा भिडियो कल गर्नुभएको थियो । त्यतिखेर परिवार र छोराछोरीको ख्याल गर्न भन्नुभयो,' उनले भनिन्, 'त्यही कुराकानी हाम्रो अन्तिम संवाद बन्यो ।'

भरतको मृत्यु भएपछि परिवार ले छिटो शव नेपाल ल्याउन सरकारी निकायसँग पहल गरि रहेको छ । इन्द्रिकाले पतिको शव नेपाल ल्याउने व्यवस्था मिलाउन र परिवारलाई राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न सर कारसँग आग्रह गरेकी थिइन् ।

इन्द्रिकाका अनुसार भरत २०६९ मा साउदी गएका थिए । त्यसपछि उनी करारपत्र नवीकरण गर्दै निरन्तर साउदीमै काम गरिरहेका थिए । १४ वर्षको अवधिमा उनी दुईपटक मात्रै नेपाल आएका थिए ।

गत असोज दोस्रो सातादेखि साउदी अरबमा सुरक्षा तनाव बढेको छ । इरानको समर्थन प्राप्त यमनका हुथी विद्रोही समूहले साउदीका तेल परियोजना, विमानस्थल र महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरी ड्रोन तथा क्षेप्यास्त्र आक्रमण गर्दै आएका छन् ।

उपलब्ध विवरणअनुसार अहिलेसम्म साउदी अरबमा हुथी आक्रमण र आक्रमणका क्रममा खसालिएका ड्रोनका अवशेषबाट कम्तीमा २२ जनाको मृत्यु भइसकेको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मटिहानी नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

औरही नगरपालिका, महोत्तरी

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
वर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी



जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

गौडाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

प्रदेश प्रमुख समक्ष जनजाति आयोगको वार्षिक प्रतिवेदन पेश



खबर दर्पण समाचारदाता

कार्तिक १८ गते, जनकपुरधाम

आदिवासी जनजाति आयोगले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष आर्थिक वर्ष २०८२/०८३ को सातौँ वार्षिक प्रतिवेदन पेश गरेको छ ।

बुधबार प्रदेश प्रमुखको कार्यालयमा आयोगका अध्यक्ष रामबहादुर थापा मगरले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम तयार पारिएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णसमक्ष पेश गरेका हुन् ।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/०८३ मा आयोगले सम्पादन गरेका कामकारबाही तथा गतिविधिहरू समेटिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

संवैधानिक व्यवस्थाअनुसार आयोगले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गरेको हो।

सिन्धुली कलाघरबाट बर्दिबासका जेविको नयाँ गीत विमोचन

जिवन राज दाहाल

कार्तिक १८ गते, बर्दिवास



मधेस प्रदेशको महोत्तरी जिल्लाको बर्दिबासका उल्टो साइकल यात्री जेवि पोखरेलको तेस्रो म्युजिक भिडियो 'मेरो मनको लाइब्रेरीमा' सार्वजनिक भएको छ । प्रेमिल भावनामा आधारित उक्त गीतमा प्रेमिकाको सुन्दरता र विशेषतालाई मनमोहक शैलीमा प्रस्तुत गरिएको छ ।

जेवि पोखरेलको स्वर, शब्द तथा सङ्गीत रहेको गीतमा सन्जय हमालको एरेन्ज रहेको छ । भिडियोमा जेवि पोखरेल र सृजना भण्डारीले अभिनय गरेका छन् भने पदम बर्माले छायाङ्कन तथा मिक्सिङ गरेका छन् । एक एचयमगअतष्यल को पोस्ट प्रोडक्सन रहेको उक्त भिडियो कलाघर सिन्धुली युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

भिडियोमा महोत्तरीको बर्दिबास नगरपालिका स्थित श्री जनता माध्यमिक विद्यालय, मुसहर बस्ती, पञ्चधुरा प्रवेश मार्ग तथा सिन्धुलीका विभिन्न आकर्षक दृश्यहरू समावेश गरिएका छन् । महाभारतको उचाइमा अवस्थित विश्वको नमुना सिन्धुली कलाघर को प्राङ्गणमा पञ्चेबाजासहित भव्य समारोह आयोजना गरी गीतको विमोचन गरिएको थियो । विमोचन समारोहमा नेपाली सङ्गीत क्षेत्रका महान् व्यक्तित्व स्वर सम्राट नारायण गोपाल र भजन शिरोमणि भक्तराज आचार्यको तस्वीरमा पुष्पगुच्छा अर्पण गर्दै सम्मान व्यक्त गरिएको थियो ।

वि.सं. २०६३ सालमा मेची-महाकाली उल्टो साइकल यात्रा सम्पन्न गरेका बर्दिबासका जेवि पोखरेलले यसअघि पनि म्युजिक भिडियोमार्फत आफ्ना सिर्जना दर्शकमाझ प्रस्तुत गरिसकेका छन् । 'मेरो मनको लाइब्रेरीमा' उनको सार्वजनिक भएको तेस्रो म्युजिक भिडियो हो ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम यस कार्यालयमा मिति २०६९।०२।०३ मा दर्ता भएको प्रा.लि.नं. ९३२५६ को कम् .स्क्वायर सलुसन नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाबीको लागि ३० दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम यस कार्यालयमा मिति २०६९।०९।०४ मा दर्ता भएको प्रा.लि.नं. १०८१८४ को मिलिनयम इलेक्ट्रोनिक्स नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाबीको लागि ३० दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम यस कार्यालयमा मिति २०७३।०१।१५ मा दर्ता भएको प्रा.लि.नं. १४८४१३ को अटो डिल नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाबीको लागि ३० दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

२४ सै घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको स्पेनेट व्यवस्था भएको
बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा



शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,